मेरो देश मेरै उत्पादन

# CIM
## FACTS Newsletter
Issue 16, Bhadra 2079







021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

HAVELLS

USHA

MEX

SIEMENS
Ingenuity for life

L&T SWITCHGEAR
SAFE & SURE

ELECTRA ELECTRIC
Enlightening Dreams

OBO BETTERMANN

Crabtree

wipro

A Member Of KTC Group

**Kailash Trading Company Pvt. Ltd.**
*The Electrical People...*

## Corporate Office

College Road, Biratnagar-9, Nepal

+ 977 21 572485 / 486 / 487

## Showroom

Himalaya Road, Biratnagar-9, Nepal

+ 977 21 578194 / 570299 / 515014

Email: info@kailashworld.com | www.kailashworld.com

# हाम्रो भनाई

स्वदेशी जि.आई.वायर, स्यानिटरी प्याड, वनस्पति तेल उद्योगहरुको कच्चा पदार्थको आयात भन्सार दरमा आर्थिक वर्ष २०७९/८० को बजेटमा भएको परिवर्तनका कारण उक्त उद्योगहरुलाई परेको प्रभावका सन्दर्भमा ध्यानाकर्षण गराउदै यस क्षेत्रका उद्योगी व्यवसायीहरुले गरेको शान्तिपूर्ण प्रदर्शनलाई सकारात्मक रुपमा लिई करका दरहरुमा गरिएको परिवर्तनले निजी क्षेत्रले सकारात्मक रुपमा लिएको छ ।

बजेटमा स्वदेशी उद्योगमा असर पर्ने गरि कच्चा पदार्थको आयातमा भएको भन्सार दरबन्दी परिवर्तनलाई उद्योगी व्यवसायीको माग बमोजिम साविक कै व्यवस्था अनुरुप नगरियतापनि हाल भएको संशोधनबाट केही हदसम्म सुनुवाई भएको छ भने उद्योग व्यवसायहरुलाई देशको आर्थिक विकासका सम्वाहकका रुपमा लिई यस क्षेत्रले उठाउदै आएको विषय सम्वोधन गर्नाले सकारात्मक सन्देश प्रवाह भएको छ ।

सुनसरी-मोरङ, वारा-पर्सा लगायत देशका विभिन्न करीडोरमा स्थापित जि.आई.वायर, स्यानिटरी प्याड, वनस्पति तेल उद्योगहरुमा अरवौंको लगानी भएको छ भने उक्त उद्योगहरु हजारौ श्रमिक र तीनमा आश्रीत परिवारको जिविकोपार्जन माध्यम वनी राजश्व र रोजगारीमा योगदान पुर्‍याउदै वढ्दो परिनिर्भरता हटाउन सहयोग गर्दै आएका स्वदेशी उद्योगको संरक्षण र प्रवर्द्धन गर्नु सरकार को प्रमुख दायित्व हो । वर्तमान जटिल समयमा सरकार आफनो दायित्वबाट विमुख नभई विभिन्न समस्यामा जेलिएका स्वदेशी उद्योगहरुको संरक्षणका लागि कच्चा पदार्थको आयातमा गरिएको महशुल वृद्धिलाई सच्याउनाले निजी क्षेत्रको मनोबल उच्च वनाएको छ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०७९/८० को पहिलो महिनाको तथ्यङ्का आधारमा

| | |
|---|---|
| **१२.९%**<br>आयात | **२८.७%**<br>निर्यात |
| **२०.३%**<br>विप्रेषण आप्रवाह<br>(नेपाली रुपैयाँमा) | **८.२६%**<br>उपभोक्ता मूल्य सूचांकमा आधारित मुद्रास्फीति<br>(वार्षिक बिन्दुगत आधारमा) |
| **रू.२२ अर्ब २६ करोड**<br>संघीय सरकारको खर्च<br>(नेपाली रुपैयाँमा) | **रू.२२ अर्ब ६३ करोड**<br>शोधनान्तर स्थिति<br>(घाटामा नेपाली रुपैयाँ) |
| **९ अर्ब ४२ करोड**<br>कुल विदेशी विनिमय संचिति<br>(अमेरिकी डलरमा) | **रू.७९ अर्ब ७२ करोड**<br>राजस्व परिचालन<br>(नेपाली रुपैयाँमा) |

स्रोत: नेपाल राष्ट्र बैंक, ३० भाद्र २०७९ / सेप्टेम्बर १५, २०२२

## उद्योग दर्ता विवरण

| स्केल | उद्योगको सङ्ख्या | कुल लगानी (रु.करोडमा) | स्थिर पुंजी | चालु पुंजी | प्रस्तावित रोजगारी (जना) |
|---|---|---|---|---|---|
| ठूला उद्योग | १२७२ | २१४११६.७०० | २००७४८.२५८ | १३३६८.४४२ | १७४९५३ |
| मझौला उद्योग | १९८३ | २४१४९.२४८ | १६९३०.३६५ | ७२६७.०३३ | १७७२१४ |
| साना उद्योग | ५४०१ | १२९४०.०६४ | ७४७३.०१४ | ५४८१.७४० | २९५८६८ |
| जम्मा | ८६५६ | २५१२०६.०१२ | २२५१५१.६३८ | २६११७.२१४ | ६४८०३५ |

*स्रोतः उद्योग विभाग, २०७८* *आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## औद्योगिक बौद्धिक सम्पत्तिको विवरण

| बौद्धिक सम्पत्तिको प्रकार | स्वदेशी | विदेशी | जम्मा |
|---|---|---|---|
| ट्रेडमार्क संख्या | ३०४६७ | २७३६४ | ५७८३१ |
| पेटेन्ट संख्या | ४३ | ३९ | ८२ |
| डिजाइन संख्या | १२७ | १५२ | २७९ |

*स्रोतः उद्योग विभाग, २०७८* *आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## देशगत रुपमा विदेशी लगानी

| देश | उद्योगको संख्या | कुल विदेशी लगानी (रु.करोडमा) | प्रस्तावित रोजगारी (जना) |
|---|---|---|---|
| चीन | १९७१ | १९७० | ९३६४९ |
| भारत | ८१५ | ९९१ | ७४०७५ |
| संयुक्त राज्य अमेरिका | ४३३ | १५४ | १९४६९ |
| दक्षिण कोरिया | ३६२ | १२८ | १२०९४ |
| ब्रिटिश भर्जिन टापु | १७ | १११ | २३२६ |
| संयुक्त अधिराज्य | १९१ | ७७ | १११९३ |
| सिंगापुर | ५६ | ७५ | ३८१६ |
| क्यानाडा | ४७ | ३३ | २४७८ |
| जापान | २७७ | ३३ | १०४८५ |
| स्वीजरल्याण्ड | ६१ | ३० | १६०० |
| अन्य | ११५५ | ३६४ | ५२९३० |
| जम्मा | ५३८५ | ३९६६ | २८४११५ |

*स्रोतः उद्योग विभाग, २०७८* *आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी

| उद्योग वर्गीकरण | उद्योगको संख्या | कुल लगानी (रु.करोडमा) | स्थिर पुँजी | चालु पुँजी | प्रस्तावित रोजगारी (जना) |
|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | ५१४ | ३७१६.३९ | ३१३९.३६ | ५८८.८३ | ३९०७१ |
| पूर्वाधार | ६२ | ५२३५.८५ | ५०८०.१३ | १५५.७२ | ३९६३ |
| ऊर्जामूलक | ४८१ | १४७७४२.४२ | १४४९८३.०१ | २७५९.४२ | ३८२९२ |
| सूचना प्रशारण तथा सञ्चार | ८८ | ७२६.८९ | ५८३.२२ | १४३.६७५ | ५५११ |
| उत्पादनमूलक | ३२४३ | ५३७७३.३७ | ४०६३५.८० | १३१८४.६३ | ३४२९८९ |
| खनिज | ७० | ७००.७१ | ५८७.८३ | ११३.०९ | ७२९६ |
| सेवा | २२९९ | १९९०९.४५ | १२४७५.१४ | ७४३८.९१ | १३३८७७ |
| पर्यटन | १८९९ | १९४००.९४ | १७६६७.१६ | १७३२.९६ | ७७०३६ |
| जम्मा | ८६५६ | २५१२०६.०१ | २२५१५१.६४ | २६११७.२१ | ६४८०३५ |

*स्रोत: उद्योग विभाग, २०७८*

*आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## वर्गीकरणका आधारमा विदेशी लगानी स्वीकृत भएका उद्योगहरूको विवरण

| उद्योग वर्गीकरण | उद्योगको संख्या | कुल विदेशी लगानी (रु.करोडमा) | प्रस्तावित रोजगारी (जना) |
|---|---|---|---|
| कृषि तथा वनजन्य | २९५ | ८१९ | १०८४६ |
| निर्माण | ४६ | २९८ | ३२२६ |
| ऊर्जामूलक | ९१ | १३०४० | ११८९० |
| सूचना प्रशारण तथा सञ्चार प्रविधि | ११९ | ११९४ | ६२९९ |
| उत्पादनमूलक | १२३९ | ६४७८ | १०४८८५ |
| खनिज | ७२ | ७९८ | ८७८६ |
| सेवा | १७७० | ८८९२ | ७५६१६ |
| पर्यटन | १७५२ | ८१३४ | ६२४२७ |
| जम्मा | ५३८४ | ३९६५३ | २८३९७५ |

*स्रोत: उद्योग विभाग, २०७८*

*आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## विदेशी लगानी स्वीकृती पाएका उद्योगहरूको प्रदेशगत विवरण (संख्यामा)

| प्रदेश | साना उद्योग | मझौला उद्योग | ठूला उद्योग | जम्मा |
|---|---|---|---|---|
| प्रदेश १ | ६६ | ४३ | २५ | १३४ |
| मधेश | ८७ | ३७ | ४२ | १६६ |
| बागमती | ३८१२ | ४२६ | १७९ | ४४१७ |
| गण्डकी | ३७७ | २९ | ४६ | ४५२ |
| लुम्बिनी | ४० | १८ | १९ | ७७ |
| कर्णाली | ७६ | १२ | ४ | ८९ |
| सुदूरपश्चिम | ४४ | १ | ५ | ५० |
| जम्मा | ४४९९ | ५६६ | ३२० | ५३८५ |

*स्रोत: उद्योग विभाग, २०७८* *आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## लघु, घरेलु तथा साना उद्योगहरूको प्रदेशगत विवरण

| प्रदेश | उद्योगहरू दर्ताको संख्या (लघु, घरेलु तथा साना) | प्रस्तावित रोजगारी (संख्या) | उद्योग संख्या (प्रतिशतमा) | प्रस्तावित रोजगारी (प्रतिशतमा) |
|---|---|---|---|---|
| प्रदेश १ | ७६०५९ | ४२३७७९ | १४ | १४ |
| मधेश | ७८२०४ | ४१३३२५ | १४ | १४ |
| बागमती | १७६६८९ | १०५२६८७ | ३२ | ३५ |
| गण्डकी | ५९९८० | २९५६१० | ११ | १० |
| लुम्बिनी | ९४१३८ | ४९३६८६ | १७ | १६ |
| कर्णाली | २९२४८ | १३३९६५ | ५ | ४ |
| सुदूरपश्चिम | ४१४५८ | १९५३१७ | ७ | ६ |
| जम्मा | ५५५७७६ | ३००८३६९ | | |

*स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७८* *आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

## प्रदेशगतरूपमा दर्ता भएका कम्पनीहरूको विवरण

| प्रदेश | कम्पनी संख्या | अंश (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश १ | २०८३७ | ७.४ |
| मधेश | १७५६२ | ६.२ |
| बागमती | २०१३१९ | ७१.१ |
| गण्डकी | १५७२४ | ५.५ |
| लुम्बिनी | १८७१३ | ६.६ |
| कर्णाली | ३५२६ | १.२ |
| सुदूरपश्चिम | ५६७७ | २ |
| जम्मा | २८३३५८ | १०० |

*स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय, २०७८* *आर्थिक वर्ष २०७८/७९ फागुन सम्ममा*

# उद्योग, फर्म वा कम्पनी दर्ताका लागि आवश्यक कागजातहरु

**कम्पनीको संस्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर तथा देहायका कागजातहरू समेत संलग्न राखी कार्यालयमा निवेदन दिनु पर्नेछ :**

(क) प्रस्तावित कम्पनीको प्रबन्धपत्र ।

(ख) प्रस्तावित कम्पनीको नियमावली ।

(ग) पब्लिक कम्पनी भए कम्पनी संस्थापना गर्नुअघि संस्थापकहरूबीच कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिलिपि ।

(घ) प्राइभेट कम्पनी भए सर्वसम्मत सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिलिपि ।

(ङ) प्रचलित कानूनबमोजिम कुनै खास प्रकारको व्यवसाय वा कारोबार सञ्चालन गर्ने कम्पनी दर्ता गर्नुअघि प्रचलित कानूनबमोजिम कुनै निकायको पूर्व-स्वीकृति वा इजाजत लिनु पर्ने व्यवस्था गरिएको भए त्यस्तो स्वीकृति वा इजाजतपत्र ।




(च) नेपाली नागरिक संस्थापक भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र संगठित संस्था संस्थापक भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र, कम्पनी संस्थापना गर्नेसम्बन्धी सञ्चालक समितिको निर्णय र त्यस्तो संस्थाको संस्थापन सम्बन्धी प्रमुख लिखतहरु ।

(छ) विदेशी व्यक्ति वा कम्पनी वा निकाय संस्थापक भएमा प्रचलित कानून बमोजिम नेपालमा लगानी वा व्यवसाय वा कारोबार गर्ने बारेमा प्राप्त अनुमतिपत्र ।

(ज) विदेशी व्यक्ति संस्थापक भएमा निज कुन मुलुकको नागरिक हो सो प्रमाणित गर्ने लिखत पत्र ।

(झ) विदेशी कम्पनी वा निकाय संस्थापक भएमा त्यस्तो कम्पनी वा निकायको संस्थापनाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा संस्थापन सम्बन्धी प्रमुख लिखतहरु ।

*स्रोत: कम्पनी रजिस्ट्रारको कार्यालय*

# उद्योग/व्यवसाय/फर्मले आर्थिक वर्षको अन्त्य पश्चात पेश गर्नुपर्ने विवरणहरु र निकाय

प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि ऐनको दफा १३ को उपदफा (१) मा उल्लिखित अवधिभित्र उद्योग दर्ता गर्ने निकायमा देहायको विवरण पेश गर्नु पर्नेछ :

(क) लेखापरीक्षण प्रतिवेदन ।

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र ।

(ग) अनुसूची-१३ बमोजिमको उद्योगको अध्यावधिक विवरण ।

उपनियम (१) बमोजिमको विवरण उद्योग दर्ता गर्ने निकायबाट सञ्चालित विद्धुतीय प्रणालीमार्फत समेत पेश गर्न सकिनेछ ।

उपनियम (१) बमोजिमको विवरण प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले आफ्नो अभिलेख अध्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

*स्रोत: औद्योगिक व्यवसाय नियमावली, २०७८*



# वातावरणीय प्रभाव मूल्यांकन (EIA) र प्रारम्भिक वातावरण परिक्षण (IEE) गर्नुपर्ने उद्योगहरु

प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने प्रस्ताव ।

**उद्योग क्षेत्र**

(१) ब्लेन्डि प्रक्रियाबाट मदिरा उत्पादन गर्ने वा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रअरी वा वाइनरी उद्योग स्थापना गर्ने ।

(२) कार्बोनेटेड वा नन-कार्बोनेटेड वेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(३) वनस्पति घ्यु वा खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(४) दैनिक १ मेट्रीक टन भन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(५) दैनिक ३००० मेट्रीक टनसम्म खककांडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६) दैनिक १० मेट्रीक टन भन्दा बढी खाध पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७) दैनिक २५ मेट्रीक टनसम्म हाड, सिङ, वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(८) दैनिक १५००० वर्गफिट्सम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(९) पाइपलाईन बाहेक ब्यापरिक प्रयोजनको लागि प्रती सेकेन्ड १० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(१०) कुकिङ (एल.पी.जी) ग्यास बायोग्यास नेचुरल ग्यास उत्पादन भन्डारण, फिल्लिङ, रिफिल्लिङ गर्ने उद्योग स्थापना गर्ने ।

*स्रोत: वन तथा वातावरण मन्त्रालय*



# नेपाल सरकारबाट संचालन पूर्व अनुमति लिनु पर्ने उद्योगहरु

१. हातहतियार, गोलिगट्ठा, बारूद वा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग ।

२. सुरुक्षात्मक छपाई (सेक्युरिटी प्रीन्टिङ) मुद्रा तथा सिक्का उत्पादन गर्ने उद्योग ।

३. चुरोट, बिँडी, खैनी, सिगार तथा सुर्तीजन्य पदार्थ मुख्य कच्चा पदार्थ हुने वस्तु एवं विधुतीय चुरोट उत्पादन गर्ने उद्योग ।

४. माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग ।

५. ढुङ्गा गिट्टी, बालवा उत्खनन्, प्रशोधन गर्ने उद्योग ।

६. रेडियो सञ्चार सम्बन्धी उपकरण उत्पादन गर्ने उद्योग ।

७. बहुमुल्य खनिज तथा पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग ।

८. लिक्वीफाइड पेट्रोलियम ग्यास (एल.पी.जी.) रिफिलिङ गर्ने उद्योग ।

९. ड्रोन उत्पादन वा ड्रोनको माध्यमबाट सेवा प्रवाह गर्ने सबैप्रकारका उद्योग ।

१०. प्रचलित कानून बमोजिम अनमति लिनुपर्ने अन्य उद्योग ।

*स्रोत: औद्योगिक व्यवसाय ऐन, २०७६*



# महिला उद्यमीहरुका लागि सुविधाहरु

ऐनको दफा २७ को उपदफा (४) बमोजिम व्यवसायको वित्तीय स्थितिको आधारमा महिला उद्यमीलाई देहायबमोजिमको निर्यात कर्जा बैंकिङ्ग प्रणाली मार्फत उपलब्ध गराउन सकिनेछ :

(क) लघु उद्यमको लागि पाँच लाख रुपैयाँ सम्म ।

(ख) घरेलु उद्योगको लागि पन्ध्र लाख रुपैयाँ सम्म ।

(ग) साना उद्योगको लागि बीस लाख रुपैयाँ सम्म ।

(घ) मझौला उद्योगको लागि तीस लाख रुपैयाँ सम्म ।

(ङ) ठूला उद्योगको लागि पचास लाख रुपैयाँ सम्म ।

उपनियम (१) बमोजिमको कर्जा प्राप्त गर्नको लागि सम्बन्धित उद्योगले आफ्नो पछिल्लो आर्थिक वर्षको कुल उत्पादनको कम्तीमा तीस प्रतिशत निर्यात गरेको हुनु पर्नेछ ।

*स्रोत: औद्योगिक व्यवसाय नियमावली, २०७८*



# Exim Code दर्ता गर्दा र नविकरण गर्दा आवश्यक कागजात तथा शुल्क

विधुतीय माध्यमबाट निवेदन दिनुपर्ने ।

नेपाल सरकारलाई बुझाउनु पर्ने कुनै राजस्व र कम बक्यौता नरहेको प्रमाणपत्रको प्रतिलीपी ।

स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलीपी

चुक्ता पुंजी कम्तीमा दश लाख रूपैयाँ भएको प्रमाणपत्रको प्रितिलीपी ।

मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारी गर्नेको हकमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलीपी ।


"क" वर्गका वाणिज्य बैङ्कद्वारा जारी गरिएको कम्तीमा एक वर्ष अवधि भएको तीन लाख रुपैंयाको बैंकको जमानत निवेदकको बैंक खाता रहेको बैंकले जारी गरेको सिफारिसपत्र ।

व्यक्ति, प्रोप्राइटर वा निकायको प्रमुखको पछिल्लो छ महिनाभित्र खिचिएको पासपोर्ट साईजको एक प्रति फोटो ।

**निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गर्दा आवश्यक कागजात तथा शुल्क :**

निकासी वा पैठारी संकेत नम्बर प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष शुरू हुनु अगावै नवीकरण गर्नको लागि नियमावलीको नियम ६६घ. को उपनियम (२) बमोजिमका कागजात सहित विधुतीय माध्यमबाट कम्प्युटर प्रणालीमा रहेको निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण (रिन्यु एक्जिम कोड) मा उल्लेखित सम्पूर्ण विवरण भरी विद्युतीय माध्यमबाट सम्प्रेषण गर्नु पर्नेछ ।

निकासीकर्ता वा पैठारीकर्ताले दफा ८९ (ख) बमोजिम लिएको निकासी वा पैठारी संकेत नम्बर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै विभाग वा विभागले तोकेको भन्सार कार्यालयमा निवेदन दिई नविकरण गराउनु पर्नेछ ।



निवेदन दिदा निवेदन साथ पाँच हजार रुपैयाँ दस्तुर र देहाय बमोजिमका कागजत पेश गर्नु पर्नेछ ।

(१) कर चुक्ताको प्रमाणपत्र ।

(२) नविकरण गराउन चाहेको अवधिसम्म म्याद भएको तीन लाख रुपैया बराबरको बैंक जमानत ।

(३) उपनियम (१) बमोजिम आर्थिक वर्ष शुरु हुनु अगावै नविकरण गराउन नसकेमा देहाय बमोजिमको अवधिभित्र उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर तिरी सोही आर्थिक वर्षभित्र नविकरण गराउन सकिनेछ ।

(क) असोज मसान्त भित्र भए पचास प्रतिशत ।

(ख) असार मसान्त भित्र भए शत प्रतिशत ।

(४) उपनियम (३) बमोजिम नविकरण नगराएमा प्रत्येक आर्थिक वर्षको लागि उपनियम (१) बमोजिमको दस्तुरमा थप दश हजार रुपैयाँ दस्तुर तिरी पाँच वर्षसम्म नविकरण गराउन सकिनेछ । सो अवधिभित्र पनि नविकरण नगराएको संकेत नम्बर स्वत: खारेज हुनेछ ।

*स्रोत: भन्सार विभाग*



# आन्तरिक राजश्व कार्यालयमा दर्ता गर्न पेश गर्नुपर्ने कागजातहरु

**१. स्थायी लेखा नम्बर लिन आवश्यक कागजातहरु**

**स्थायी लेखा नम्बर लिनको लागि निम्नानुसारका कागजातहरु पेश गर्नु पर्दछ ।**

**१.१ व्यावसायिक स्थायी लेखा नम्बर (PAN) को लागि ।**

**१.१.१ प्राकृतिक व्यक्तिको हकमा**

पेशा वा व्यवसाय दर्ता गर्ने शुरु दर्ता निकायले जारी गरेको पेशा वा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

विदेशीको हकमा राहदानी वा कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्र (भारतीय नागरिकको हकमा सरकारी निकायले जारी गरेको परिचयपत्र) को प्रतिलिपी, श्रम स्विकृतिपत्र र कर अधिकृतले कारोवारको प्रकृति हेरी माग गरेको धरौटी जम्मा गरेको बैंक भौचर ।

२ प्रति पासपोर्ट साइजको फोटो ।

आफ्नो भवन भए लालपूर्जाको फोटोकपी अन्यथा घरधनी सँगको घरबहाल सम्झौताको प्रतिलिपी ।

मुख्य कारोवार स्थल देखिने गरी बनाइएको नक्सा ।

**१.१.२ निकायको हकमा**

साझेदारी फर्म तथा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

साझेदारी फर्म (JV) को हकमा कार्यआदेश सम्बन्धी सम्झौताको प्रतिलिपी, प्रबन्धपत्र, नियमावली वा विधानको प्रतिलिपी ।

आवेदन पत्रमा दस्तखत गर्नेको पासपोर्ट साइजको २ प्रति फोटोहरु ।

साझेदारी फर्म भए सबै साझेदार वा कम्पनी भए सबै संचालकहरुको नागरिकको प्रतिलिपी ।

स्थायी लेखा नम्बर लिने व्यहोराको संचालक समिति वा कार्यसमितिको निर्णयको प्रतिलिपी ।

अरू कसैलाई अख्तियारनामा दिईएको भएमा अख्तियारनामा पत्र (Power of Attorney)

आफ्नो भवन भए लालपूर्जाको प्रतिलिपी अन्यथा घरधनी सँगको घरबहाल सम्झौताको प्रतिलिपी ।

मुख्य कारोवार स्थल वा प्रधान कार्यालय देखिने गरी बनाइएको नक्सा ।

**२. मूल्य अभिवृद्धि करमा दर्ता**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम स्थायी लेखा लिइसकेका करदाताको हकमा मू.अ.कर दर्ताको लागि आवेदन संलग्न गरी कार्यालयमा पेश गर्नु पर्दछ ।

पहिले स्थायी लेखा नम्बर नलिएका करदाताको हकमा माथि स्थायी लेखा नम्बर लिन आवश्यक कागजात सहित तोकिएको ढाँचामा आवेदन गर्नु पर्दछ ।

यसरी आवेदन गर्दा करदाताले अनलाईन मार्फत वा म्यानुअल दुवै किसिमले गर्न सक्दछन् ।

यसरी पेश भएको आवेदन छानबिन गरी कर अधिकृतले करदातालाई दर्ता गरिदिनु पर्दछ ।

**२.१ अनिवार्य रुपमा मू.अ.करमा दर्ता**

देहायका व्यवसाय तथा कारोबार गर्ने करदाता अनिवार्य रुपमा मू.अ.करमा दर्ता हुनुपर्दछ ।

विगत १२ महिनामा वस्तुको कारोबारको हकमा वार्षिक रू ५० लाखभन्दा बढी कारोबार गर्ने व्यक्ति

विगत १२ महिनामा सेवाको कारोबारको हकमा वार्षिक रू २० लाख भन्दा बढी कारोबार गर्ने व्यक्ति ।

विगत १२ महिनामा वस्तु तथा सेवाको मिस्रित कारोबारको हकमा वार्षिक रू २० लाख भन्दा बढी कारोबार गर्ने व्यक्ति ।

व्यावसायिक प्रयोजनको लागि एकपटकमा रू दश हजार रूपैयाँ भन्दा बढीको करयोग्य वस्तु तथा सेवाको पैठारी गरेमा ।

ईंटा उत्पादन गरी कारोबार गरेमा, मदिरा, वाइन, हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतीय सफ्टवेयर, भन्सार एजेन्ट, खेलौनाको व्यवसाय, ट्रेकिङ, राफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने, कुनै व्यक्तिले महानगरपालिका उपमहानगरपालिका वा विभागले तोकेको छेत्र भित्र हार्डवेयर, सेनिटरी, फर्निचर फिक्सचर, फर्निसिङ्ग, अटोमोबाइल्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्श, लेखा तथा लेखापरीक्षण सम्बन्धी सेवा, क्याटरिङ सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लनर्स, बार सहितको रेष्टुरेण्ट, आइकिरिम उद्योग, कलरल्याब, बुटिक, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा यनिफर्म आपूर्ति गर्ने ।

## २.२ अस्थायी दर्ता सम्बन्धी व्यवस्था :

अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार सुरु हनुभन्दा अगावै आयोजक तथा त्यस्तो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यवसायी तोकिए बमोजिम अस्थायी रुपमा मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता हुनुपर्ने ।

कुनै दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) खडा गरेमा त्यस्ता व्यक्तिहरु दर्ता रहेका कार्यालय मध्ये कुनै एक कार्यालयको कर अधिकृत समक्ष त्यस्तो संयुक्त उपक्रम अस्थायी रुपमा दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

## २.३ मूल्य अभिवृद्धि करमा स्वेच्छिक दर्ता

वस्तुको कारोबारको हकमा वार्षिक रु ५० लाखभन्दा कम वा वस्तु तथा सेवाको मिस्श्रित कारोबार र सेवाको कारोबारको हकमा वार्षिक रु २० लाखभन्दा कमको करयोग्य कारोबार गर्ने व्यक्ति समेत स्वेच्छिक रुपमा मू.अ.करमा दर्ता हुन चाहेमा सम्बन्धित कायाालयमा निवेदन दिई मू.अ.करमा दर्ता हुन सक्ने व्यवस्था छ ।

*स्रोत: आन्तरिक राजस्व विभाग*



## उद्योगको पूजी, क्षमता वृद्धि गर्दा अपनाउनु पर्ने प्रकृया, कागजात र शुल्क रकम

पछिल्लो पूँजी कायम भएको थप पूँजी अनुरुप पहिले तिरीसकेको दस्तुर कट्टा गरी नपुग रकम नयाँ दररेट अनुसार वुझाउनुपर्नेछ ।

*स्रोत: कम्पनी रजिस्ट्रारको कार्यालय*



## उद्योगले उद्देश्य थप तथा परिवर्तन, ठाउसारी गर्दा प्रस्तुत गर्दा कागजात एवं शुल्क

उद्योगले उद्देश्य थप तथा परिवर्तन, ठाउसारी गर्दा प्रस्तुत गर्दा शुल्क लाग्ने छैन ।

कुनै कम्पनीले उद्देश्य थप तथा परिवर्तन, ठाउँ संशोधन गर्नु परेमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी कार्यालयको पूर्वस्वीकृतिको लागि निवेदन दिनु पर्नेछ र त्यसरी प्राप्त भएको निवेदन अनुसार संशोधन गर्न कार्यालयले स्वीकृति दिएमा कम्पनीको संशोधन हुनेछ ।

*स्रोत: कम्पनी रजिस्ट्रारको कार्यालय*



---





# व्यवसायिक उन्नतीको लागि स्वचालित प्रविधिको महत्व

प्रविधिको प्रयोगले गर्दा व्यापार-व्यवसाय देखि लिएर घरेलु कामकाजमा निकै सहज तुल्याएको छ । अझ भन्नुपर्दा त स्वचालित प्रणालीको विकासले औद्यौगिक क्रान्तिलाई नयाँरुप नै प्रदान गरेको छ । नेपालमा पनि यस्ता प्रविधिको विकास र त्यसको प्रयोग केहि मात्रामा भएतापनि यस किसिमका उपकरणको पुर्ण सदुपयोग भने हुन सकिरहेको छैन । पछिल्लो दशकमा नेपालमा प्रविधिको विकासले एउटा नयाँ आकार दिएको छ । यसले नेपाली अर्थतन्त्रमा मात्र योगदान पुऱ्याएको छैन, अन्तराष्ट्रिय मान्यता प्राप्त प्रविधिसँग पनि तीव्र प्रतिस्पर्धा गरेको छ ।

नेपाली व्यवसायहरुले कर्मचारी व्यवस्थापन, ग्राहक व्यवस्थापन, उत्पादन व्यवस्थापन, रिपोर्ट तथा अन्य धेरै क्षेत्रमा विभिन्न समस्याहरुको सामना गरिरहेका छन । व्यवसायहरु अझै पनि अर्डर, भुक्तानी, संकलन तथा ग्राहकहरुको सूचिकरण गर्न म्यानुअल (परम्परागत) प्रणालीमा निर्भर छन्। म्यानुअल प्रणालीको अत्यधिक निर्भर ताका कारण व्यवसायहरुले आफ्ना कर्मचारीहरु, कर्मचारीहरुको कार्यसम्पादन, भिजिट, खर्च दाबी तथा अन्य वस्तुहरुको निगरानी गर्न लाई कठिनाई भोगिरहेका छन् । नेपाली व्यवसायहरु अझै पनि प्रविधिको अनुकुलतामा पछाडी छन् जसको कारणले उनिहरुले सामना गरेका विद्यमान समस्याहरु निराकरण गर्न, कार्य-सम्पादन बढाउन, व्यापार प्रक्रियाहरुलाई स्वचालित गराउन, कठिनाई भोगिरहेका छन् ।

बजारीकरण र विक्रि प्रवद्धनको लागि स्वाचालित प्रणालीको प्रयोग गर्न सके मनग्गे रुपमा मुनाफा आर्जन गर्न मद्दत गर्दछ । यसको प्रयोगले ग्राहकहरुसँगको सम्बन्धलाई प्रगाढ बनाउनुको साथ-साथै राजश्व वृद्धिमा समेत टेवा पुऱ्याउँछ । केहि उद्योगी-व्यवसायीहरुले यो तथ्यलाई महसुस



गरि आफ्नो व्यवसायमा स्वचालित प्रविधिको प्रयोग गर्दै कार्यसम्पादन तथा आम्दानी बढाउन सक्षम भएका छन् ।

व्यापार-व्यवसायलाई स्वाचालित बनाउन विभिन्न किसिमका सफ्टवेयरको प्रयोग नेपाली बजारमा भईरहेका छन् । व्यवसायमा कर्मचारीहरुको हाजिरी, विदा, खर्च, टार्गेट, जिपिएस ट्र्याकिङ्ग, कर्मचारी भिजिट, ग्राहक पहिचान तथा सुचिकरण, बिक्रि प्रर्वद्धन, बजारीकरण, वितरण-प्रणालीलाई सहि उपकरणको प्रयोगद्वारा स्वचालित गराउन सकिन्छ । यस्ता अनुप्रयोगको उपयोग गर्न सके कर्मचारी व्यवस्थापन, ग्राहक व्यवस्थापन गर्नुका साथै वजार प्रतिस्पर्धामा अग्रणी स्थानमा ल्याउन मद्दत गर्दछ । यस्ता अनुप्रयोगको मद्दतले विभिन्न उद्योगहरु जस्तै FMCGs, CPGs, Pharma, Food & Beverages आदिहरुको बिक्रि प्रक्रियालाई स्वचालित गराउनुका साथै बजार प्रतिनिधिको रियल टाइम GPS Location ट्र्याक गरि निजको सम्पूर्ण कार्यलाई व्यवस्थित गर्न मद्दत गर्दछ । यस्को प्रयोगले म्यानुअल (परम्परागत) अर्डर, कलेक्शन लिने प्रक्रियालाई हटाई सेल्समेनको समय ३०% ले बचत गर्दै ४५% को दरले बिक्रि बढाउन मद्दत गर्दछ ।


साथ-साथै यस अनुप्र्योगले ग्राहक पहिचान, वस्तु तथा उत्पादन व्यवस्थापन, जिन्सी व्यवस्थापन, खर्च व्यवस्थापन, हाजिरी तथा विदाको व्यवस्थापन, रुट ट्र्याकिङ्ग, स्वचालित रिपोर्ट जेनेरेशन गर्न, तथा अन्य थुप्रै कार्य व्यवस्थापनका लागि उपयोग सिद्ध हुनेछ ।

नेपाली कम्पनीहरुद्वारा निर्मित विभिन्न सफ्टवेरहरु जस्तै: डेल्टासेल्सएप, खल्ती, इ-सेवा, सिआरएम, इआरपि, सेल्सएप आदीले विश्वबजारमा स्तरिय प्रर्दशन गरिरहेका छन् । यस्तो सफ्टवेयरको प्रयोग नेपाली बजारमा गर्न सके औद्योगिक क्षेत्रको लागि नयाँ आयाम थपिनेथियो । स्वदेशमै उत्पादित उत्पादनहरुको प्रयोग गर्न सके राष्ट्र्लाई आत्मनिर्भर बनाउनुका स्वदेशी मुद्रा विदेशिनबाट पनि रोकिने थियो । तसर्थ, स्वाचालित प्रणालीको उपयो गले कलकारखाना तथा व्यवसायहरुको आर्थिक उन्नति गर्दै समग्र राष्ट्र निर्माणमा ठुलो टेवा पुग्ने थियो ।



# DeltaSalesApp

# Field Sales Force Automation App




- Real-time GPS Tracking of Salesmen
- Attendance & Leave Management
- Customer Management
- Sales Order Reporting
- Expense Reporting
- Payment Collection
- Beat Plans & Tour Plans
- EOD Reporting
- Party Visit Tracking
- Delivery Management
- Inventory Tracking
- Salesman Targets

and many more features that will help ...




**Reduce time spent on administrative tasks**




**Spend more time with customers**



**Increase sales up to 2x**


Chand Kripaa, Tinpaini,
Biratnagar-2, Nepal

+977-9801563518

www.deltasalesapp.com

info@deltatechnepal.com


DeltaTech

CONTROL® LUBRICANTS

TRIBUTE TO EXCELLENCE

# रु १,००,००,०००




## ग्यारेन्टी बीमा (प्रोडक्ट लाइबिलिटी इन्स्युरेन्स)

## गर्वका साथ नेपालमै पहिलो पटक

# विश्वस्त रहनुहोस्

हाम्रा उत्पादनहरूको गुणस्तरप्रति हामी पूर्ण विश्वस्त छौं । उत्कृष्टताप्रतिको हाम्रो प्रतिबद्धतालाई निरन्तरता दिँदै कन्ट्रोल लुब्रिकेन्ट्सले हिमालयन जनरल इन्स्योरेन्ससँग सहकार्य गरी 'ग्यारेन्टी बीमा'को घोषणा गरेको छ । हाम्रा लुब्रिकेन्ट्स प्रयोग गरिएका इन्जिन/उपकरण/पाटपुर्जाका लागि तपाईंले कुनै अतिरिक्त खर्च व्यहोर्नु नपर्ने गरी नेरु. १ करोडसम्मको ग्यारेन्टी बीमा गरिएको हुनाले ढुक्क भई हाम्रा लुब्रिकेन्ट्स प्रयोग गर्न जारी राख्नुहोस् ।

गुणस्तरीय तेल र लुब्रिकेन्ट्समार्फत तपाईंलाई पूर्ण रूपमा निर्धक्क बनाउने नेपालकै पहिलो कम्पनीको रूपमा हामी तपाईं र तपाईंका बहुमूल्य सवारी साधनहरूलाई हाम्रा उत्कृष्ट सेवा दिन प्रतिबद्ध छौं ।

नेपालमा यो ग्यारेन्टी बीमा निम्न उत्पादनहरूका लागि मान्य छः
इम्पेरियम, सुपर पावर, SILK, ATF, एक्स्ट्रीम पावर, AXLE,
जेल ग्रीज, हाइड्रो AW 68/41W, अटो किंग, बाइकर च्वाइस

FUJIMA GROUP

HGI

युरोपेली तथा अमेरिकी एडिटिभहरूबाट तयार गरिएको

CONTROLLUBRICANTS.COM

गाडी बलियो इन्जिनले इन्जिन बलियो CONTROL® ले